# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. २, नेपाल

सम्पर्कनं. ०३३- ५६०१३८, ५६०१३९, ५६०३७०, ५६०७४३, ५६०१३७(फ्याक्स)


पत्र संख्या:- २०७७/०७८
चलानी नं.- २९५

मिति :–२०७७/०४/२५

विषयः– सूचना ।

लहान नगरपालिका अर्न्तगत २४ वटा वडा रहेको, ठाउँ अनुसार भौगोलिक विकटता, जनसंख्याको चाप आदिको बावजुद स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधार विकास लगायत सर-सफाईको कार्य यस नगरपालिकाको कार्यपालिका तथा नगरसभाबाट नीति तथा कार्यक्रम पारित गरी सञ्चालन गर्दै गइरहेको यहाँहरुलाई विदितै छ । प्रत्येक वर्षको कार्यक्रम राजपत्रमा प्रकाशित गरी सार्वजनिक हुदैं आएको व्यहोरा अवगत गराउदै आएको छु ।

विगत ८ वर्ष देखि साविक सगरमाथा अंचल र हाल प्रदेश नं.२ कै प्रथम ल्याण्डफिल्ड स्थल यस न.पा.को वडा नं.४ को लगभग ३५ विगाहा सार्वजनिक जग्गा (चट्टान) मध्ये ८ विगाहा जग्गामा ( ल्याण्डफिल्ड) फोहोर व्यवस्थापन केन्द्र स्थापना भई सञ्चालनमा रहेकोमा विगत १६ महिना देखि अवरोध रहेकोले अवैज्ञानिक तवरले यत्रतत्र फोहोर फाल्नु पर्ने अवस्था र वर्षातको कारण खोलामा वाढी आएकोले १६/१७ दिन देखि मुख्य बजारबाट फोहोर उठ्न नसकेको अवस्था छ ।

उक्त अवरोध हटाउन विभिन्न किसिमले न.पा.बाट समाधानको प्रयास भई रहेको व्यहोरा अनुरोध छ । त्यस क्रममा ल्याण्डफिल्ड स्थलको वस्तुस्थिति बारे विज्ञ, प्रशासन तथा म नगर प्रमुखको हैसियतले स्थलगत निरिक्षण/अनुगमन गर्दै सो ल्याण्डफिल्ड स्थलको व्यस्थापन गरि फोहोरबाट मोहर बनाउने उद्देश्यको साथ विगत २८ महिना देखि तयारी गर्दै विभिन्न श्रोतहरु जुटाई सो कार्य अगाडी बढने अवस्थामा रहेको छ । फोहोर व्यवस्थापनको सर्न्दभमा ३ देशको अवलोकन अध्ययन भ्रमणबाट प्राप्त अनुभव अनुसार उक्त ल्याण्डफिल्ड स्थलमा तपशिल अनुसारको कार्य गरिने कार्यक्रम रहेकोले यहाँहरु तथा खासगरि वडा नं.४ को वडाबासीमा जानकारी गराउँदै उक्त ल्याण्डफिल्ड स्थलमा फोहोर व्यवस्थापन कार्यमा कुनै अवरोध नगरि दिनहुन सादर अनुरोध गर्दछु ।

प्रमुख

# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लहान, सिरहा
प्रदेश नं. २, नेपाल

सम्पर्कनं. ०३३- ५६०१३८, ५६०१३९, ५६०३७०, ५६०७४३, ५६०१३७(फ्याक्स)


पत्र संख्याः- २०७७।०७८
चलानी नं.- ५९५

तपशिल :-

१. फोहोरबाट मोहर वनाउने कार्यक्रम अन्तर्गत फिकल स्लज तथा सोलिड वेस्टवाट कम्पोष्ट मल उत्पादन गर्ने ।

२. प्लास्टिक, फलाम र शिसालाई छुट्टयाई रिसाईक्लिङ गरि विक्रि वितरण गर्ने ।

३. हरित तथा पार्क क्षेत्र निर्माण गरि वातावरण मैत्रि हरितपार्क निर्माण गर्ने ।

४. उक्त ठाउँमा पुग्न सडकको स्तर सुधार गर्ने ।

५. वाइपास मार्ग (वैकल्पिक सडक) को व्यवस्था गर्न प्रयास गर्ने ।

६. हाल तहाँ रहेको फोहोर तथा आउने फोहोरलाई प्रत्येक ५ दिनमा खाल्टोमा पुर्ने व्यवस्था मिलाउने ।

७. समय/समयमा औषधि छर्ने व्यवस्था मिलाउने ।

८. लहान न.पा., नेपाल सरकार, वाटर एड, विकन प्रोजेक्ट लगायतका सँघ संस्थाहरुवाट गरिने कार्यमा प्राविधिक तथा व्यवस्थापक वाहेक सबै किसिमको कर्मचारी, कामदार सम्वन्धित वडा (वडा नं.४) बाटै व्यवस्था गर्ने ।

९. दीर्घकालिन रुपमा प्राविधिक कर्मचारी वाहेक अन्य कर्मचारी सोही वडावाट राख्न सकिने व्यवस्था मिलाईने ।

१०. फोहोरवाट मोहर वनाई खुद वचतको ४०% सम्म रकम सोही वडाको विकास कार्यमा खर्च गरिने ।

अन्त्यमा, म लगायत न.पा.को सम्पुर्ण पदाधिकारीहरुवाट "हाम्रो लहान समृद्ध लहान"को लक्ष्य प्राप्त गर्न नगरपालिकाको चौतर्फी विकासको कार्यक्रम अगाडि बढेको छ, सो मध्ये ४ नं. वडामा समेत रिङ्ग रोड, समसान घाट, रामनाथ घर अगाडी देखि मंगलपोखरी हुँदै वडा नं.४ को विशो पंडितको घर सम्म कालोपत्रे कार्य, हुलाक देखि सहनीचौक सम्म सडक ग्राभेल समेतको कार्य, नहर उकास कार्य, कव्रिस्तान, ईदगाह निर्माण र वस्ती छेउको नदि नियन्त्रण कार्यहरु निर्माण तथा निर्माण हुने क्रममा छन् । वडा स्तरको विकास कार्यहरु पनि वडावासीको परामर्श (सल्लाह) मा संचालन हुने अवस्थामा छ । तसर्थ, विकास प्रतिको हाम्रो समपर्ण तथा प्रतिवद्धता अनुसारको कार्यमा वडा नं.४ सहित सम्पुर्ण नगरवासीमा सहयोगको लागि हार्दिक अनुरोध गर्दछु ।

मुनि साह
नगर प्रमुख
प्रमुख